# नेपाल वन प्राविधिक परिषद्को व्यवस्था गर्न बनेको विधेयक, २०७९

**प्रस्तावनाः** वन प्राविधिकको पेशागत व्यवसाय र सेवालाई मर्यादित, गुणस्तरीय र व्यवसायिकताको सुनिश्चित गरी प्रभावकारी बनाई व्यवस्थित तथा वैज्ञानिक ढंगले परिचालन गर्नको लागि नेपाल वन प्राविधिक परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले,

नेपालको संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल वन प्राविधिक परिषद् ऐन, २०७९" रहेको छ।

(२) यो ऐन नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "दर्ता किताब" भन्नाले दफा १४ बमोजिम तयार गरिएको दर्ता किताब सम्झनु पर्छ ।

(ङ) "परिषद" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल वन प्राविधिक परिषद् सम्झनु पर्छ ।

(च) "रजिष्ट्रार" भन्नाले दफा ५ बमोजिम नियुक्त रजिष्ट्रार सम्झनु पर्छ ।

(छ) "वर्गिकरण" भन्नाले दर्तावाला वन प्राविधिकको अनुभव र शैक्षिक योग्यताका आधारमा भएको वर्गिकरण भन्ने सम्झनु पर्छ ।

(ज) "वन प्राविधिक" भन्नाले यस ऐन बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान विषयमा स्नातक उपाधि प्राप्त गरेको र यस ऐन बमोजिम परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "वन प्राविधिक व्यवसाय" भन्नाले अनुसुची-१ मा उल्लेखित विषयमा प्राविधिक ज्ञान र दक्षता हासिल गरेका वन प्राविधिकले अपनाउने व्यवसाय सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष तथा सदस्य सचिव समेतलाई जनाउनेछ ।

## परिच्छेद—२

## परिषद्को स्थापना, गठन, काम, कर्तव्य र अधिकार

३. **नेपाल वन प्राविधिक परिषद्को स्थापनाः** (१) वन प्राविधिकको पेशागत व्यवसाय र सेवालाई मर्यादित, गुणस्तरीय र व्यवसायिकताको सुनिश्चित गरी प्रभावकारी बनाई व्यवस्थित तथा वैज्ञानिक ढंगले परिचालन गर्नको लागि नेपाल वन प्राविधिक परिषद्को स्थापना गरिएको छ ।

(२) परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहने छ ।

(३) परिषद्ले आवश्यकता अनुसार प्रदेशस्तरमा शाखा कार्यालय वा सम्पर्क कार्यालय स्थापना गर्न सक्नेछ ।

४. **परिषद् स्वशासित संस्था हुनेः** (१) वन प्राविधिक परिषद् अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) वन प्राविधिक परिषद्को काम कारवाहीको लागी आफ्नो छुट्टै छाप हुनेछ ।

(३) वन प्राविधिक परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले ब्यवस्थापन गर्न सक्नेछ ।

(४) वन प्राविधिक परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **परिषद्को गठनः** (१) दफा ३ बमोजिम स्थापना भएको परिषदमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष तथा सदस्य रहने छन्:-

(क) वन विज्ञान विषयमा स्नातक उपाधि प्राप्त गरी कम्तीमा बिस वर्ष वन सम्बन्धी व्यवसाय वा सेवाको अनुभव र सम्वद्ध विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका वन प्राविधिकहरू मध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना -अध्यक्ष

(ख) वन विज्ञान विषयमा स्नातक उपाधि प्राप्त गरी कम्तीमा पन्ध्र वर्ष वन सम्बन्धी व्यवसाय वा सेवाको अनुभव र सम्वद्ध विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका

वन प्राविधिकहरू मध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना -उपाध्यक्ष

(ग) वन विज्ञान विषयमा स्नातक उपाधि प्राप्त गरी कम्तीमा दश वर्ष वन सम्बन्धी व्यवसाय वा सेवाको अनुभव र सम्वद्ध विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका वन प्राविधिकहरू मध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी समावेसी सिद्धान्तको आधारमा नेपाल सरकारबाट मनोनीत कम्तीमा तिन जना महिला सहित सात जना - सदस्य

(घ) वन विज्ञान विषयमा स्नातक उपाधि पछि सम्वद्ध विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी नेपालका विश्वविद्यालयमा अध्यापन गरीरहेका कम्तिमा सह—प्राध्यापक तहमा कार्यरत मध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना महिला सहित दुई जना - सदस्य

(ङ) नेपाल वन प्राविधिक संघका अध्यक्ष एक जना - पदेन सदस्य

(च) वन विज्ञान विषयमा स्नातक उपाधि प्राप्त गरी कम्तिमा पन्ध्र वर्ष वन सम्बन्धी व्यवसाय वा सेवाको अनुभव र सम्वद्ध विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका वन प्राविधिकहरू मध्येबाट खुला प्रतिस्पर्धाको आधारमा नेपाल सरकारबाट नियुक्त एक जना रजिष्ट्रार - सदस्य—सचिव

(२) परिषद्को मनोनीत वा नियुक्त सदस्यको पदावधि चार बर्षको हुनेछ । पदावधि समाप्त भएपछि निज पुनः अर्को एक पटकको लागि मनोनीत हुन सक्नेछन् ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम नियुक्त रजिष्ट्रारको कार्यक्षमताको अभाव भएमा वा खराब आचरण भएमा वा इमान्दारीपूर्वक पदीय आचरण नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) परिषद्को कुनै सदस्यको पद रिक्त हुन गएमा बाँकि अवधिका लागि रिक्त भएको मितिले साधारणतया तीन महिना भित्र मनोनयन वा नियुक्त गरी सक्नु पर्नेछ तर छ महिना भन्दा कम अवधिका लागि मनोनयन गरिने छैन ।

(५) परिषद्ले आवश्यक देखेमा कुनै विशेषज्ञलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

६. <u>सदस्यको निमित्त अयोग्यता</u>: देहायको कुनै व्यक्ति परिषद्को सदस्य पदमा मनोनित हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताववाट नाम हटाईएको व्यक्ति,

(ग) मानसिक सन्तुलन ठिक नभएको व्यक्ति,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको व्यक्ति,

(ङ) भ्रष्टाचारको कसुरमा दोषी ठहरिएको व्यक्ति,

(च) कुनै विदेशी मुलुकको स्थायी अनुमति प्राप्त गरेको व्यक्ति,

७. <u>परिषद्को सदस्यता नरहने</u>: देहायको अवस्थामा परिषद्को सदस्यता कायम रहने छैन :

(क) दफा ६ बमोजिम अयोग्य भएमा,

(ख) सदस्यको पदवाट दिईएको राजीनामा स्विकृत भएमा,

(ग) परिषद्लाई कारण सहितको पूर्व सूचना नदिई लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा ।

(घ) मृत्यु भएमा ।

८. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u>: (१) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) वन प्राविधिकहरूको पेशालाई सुव्यवस्थित, स्तरीय, मर्यादित र प्रभावकारी वनाउन आवश्यक नीति, कार्ययोजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) वन सम्बन्धी पेशा वा व्यवसाय गर्नको लागि आवश्यक योग्यता र परीक्षण विधि निर्धारण गर्ने र सो योग्यता पुगेको र परीक्षण उतिर्ण गरेको व्यक्तिलाई तोकिए बमोजिम परिषद्मा दर्ता गर्ने र अद्यावधिक अभिलेख राख्ने,

(ग) वन विज्ञान विषय अध्ययन अध्यापन गराउने शिक्षण संस्थाको पाठ्यक्रम, शैक्षिक मापदण्ड तथा परिक्षा प्रणाली सम्बन्धी नीतिको पुनरावलोकन र मूल्याङ्कन गरी सम्बन्धित विश्व विद्यालय र नेपाल सरकार वा सम्बन्धीत प्रदेश सरकारलाई सिफारिस गर्ने,

(घ) वन विज्ञान विषय अध्ययन अध्यापन गराउने शिक्षण संस्थाको विद्यार्थि भर्नाको आधार र शर्तहरु तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार तोक्ने र अनूगमन तथा मूल्याङ्कन गरी

सो को उलङ्घन गरेको पाईएमा कारवाहीको लागि सम्वन्धित विश्व विद्यालय र नेपाल सरकार वा सम्बन्धीत प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ङ) दर्तावाला वन प्राविधिकले तोकिए बमोजिमको व्यावसायिक आचार संहिताको उल्लङ्घन गरेमा वा पालना नगरेमा वा गैर व्यवसायिक कार्य गरेमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो वन प्राविधिकको नाम परिषद् दर्ता किताववाट हटाउने र थप कारवाही गर्नु पर्ने देखेमा सम्वन्धित निकायमा लेखि पठाउने,

(च) नेपाल सरकारको वन, वन्यजन्तु, जैविक विविधता, जलाधार, जलवायू परिवर्तन, वातावरण तथा प्राकृतिक श्रोत सम्बन्धी नीतिको अधिनमा रही विभिन्न क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने गराउने र सो को प्रचार प्रसारको लागि प्रकाशनको व्यवस्था गर्ने,

(छ) वन प्राविधिकले अपनाउने व्यवसाय र सेवाका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने व्यवस्था गर्ने,

(ज) वन प्राविधिकले अपनाउने व्यवसाय र सेवाका विषयमा आवश्यकतानुसार विषयगत बैज्ञानिक तथा प्राविधिक समिति गठन गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

(झ) परिषद्को उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक कार्य गर्ने ।

(२) नेपालमा वन विज्ञान सम्बन्धी कुनै शिक्षण संस्था स्थापना र संचालन गर्न स्वीकृति दिनु पूर्व स्वीकृत दिने निकायले परिषद्सँग सिफारिस माग गर्नु पर्नेछ । परिषदले तोकिए बमोजिम जाँचबुझ गरी सो सम्बन्धमा उक्त शिक्षण संस्थालाई स्थापना र संचालन गर्न स्वीकृति दिन सिफारिस प्रदान गर्न सक्नेछ ।

९. <u>**परिषद्को बैठक र निर्णयः**</u> (१) परिषद्को बैठक साधारणतया वर्षमा चार पटक बस्नेछ तर अध्यक्षले आवश्यक देखेमा सो भन्दा वढी पटक पनि बैठक बोलाउन सक्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरू मध्येवाट उमेरको हिसाबले जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

(६) परिषद्को निर्णय अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) परिषद्को बैठक सम्वन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–३

## नाम दर्ता सम्वन्धी व्यवस्था

१०. **दर्ता नगराई व्यवसाय गर्न नहुने:** यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष पश्चात परिषद्मा दर्ता नगराई कुनै पनि व्यक्तिले वन प्राविधिक व्यवसाय वा सेवा गर्न हुदैन ।

११. **दर्ताको लागि दरखास्त दिने:** (१) परिषद्मा दर्ता गराउन चाहने व्यक्तिले तोकिए बमोजिमको ढाचाँमा परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका वखत वन प्राविधिक व्यवसाय गरिरहेको व्यक्तिले वढिमा एक वर्ष भित्र परिषद्मा नाम दर्ता गराउनको लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्त साथ शिक्षण संस्थाबाट प्राप्त गरेको प्रमाणपत्र वा उपाधि तथा त्यस सम्बन्धी अन्य कागजात तथा तोकिए बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

१२. **दरखास्त उपर छानवीन:** (१) दफा ११ बमोजिम दर्ता हुन आएका दरखास्तमा रजिष्ट्रारले आवश्यक छानविन गरी यस ऐन वमोजिमको मापदण्ड पुरा गरेको देखिएमा सम्बन्धित दरखास्तवालाको नाम वन प्राविधिक दर्ता परिक्षा संचालन गर्ने प्रयोजनका लागी समिति समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानवीन गर्दा कुनै कुरा अस्पष्ट भएमा रजिष्ट्रारले सो विषयमा दरखास्तवालासंग आवश्यक प्रमाण वा कागजात माग गर्न सक्नेछ ।

१३. **परिक्षा समिति गठन:** (१) परिषद्मा वन प्राविधिक व्यवसायीको रुपमा नाम दर्ता गर्ने प्रयोजनका लागि परिक्षा संचालन गर्न देहाय बमोजिमको परिक्षा समिति रहनेछ:-

(क) परिषद्ले तोकेको सदस्य - संयोजक

(ख) परिषद्ले तोकेको परिषद्का एकजना महिला सहित तीनजना सदस्य - सदस्य

(ग) रजिष्ट्रार - सदस्य सचिव

(२) परिषद्मा वन प्राविधिक व्यवसायीको रुपमा नाम दर्ता गर्नका लागि समितिले कम्तिमा वर्षको एक पटक तोकिए वमोजिम परिक्षा संचालन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको परिक्षाको पाठ्यक्रम र परिक्षा संचालन प्रणाली परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको काम, कर्तब्य, अधिकार तथा बैठक संचालन गर्ने कार्यबिधि तोकिए बमोजिम हुनेछ।

१४. **नाम दर्ता गर्ने र प्रमाणपत्र दिने**: (१) दफा १३ बमोजिम लिइएको वन प्राविधिक दर्ता परिक्षा उत्तिर्ण भएका दरखास्तवालाको नाम दर्ता गर्नको लागि समितिले परिषद्मा नाम सिफारिस गर्नु पर्नेछ।

(२) दफा (१) बमोजिम नाम दर्ताको लागि सिफारिस प्राप्त भएपछि परिषद्ले सो नामावलि बमोजिम परिषद्मा नाम दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नाम दर्ता गरेका ब्यक्तिलाई रजिष्ट्रारले तोकिए बमोजिमको ढाँचामा नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नाम दर्ता भएका वन प्राविधिकले आफ्नो नाम अगाडि मान्यता प्राप्त वन प्राविधिक भनी चिनाउन अंग्रेजीमा Fr. लेख्न सक्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन लागु हुनु अघि योग्यता पुगेका वन प्राविधिकहरुलाई वन प्राविधिक व्यवसायीको रुपमा नाम दर्ता गर्नका लागि एक पटकलाई परिक्षा लिइने छैन।

१५. **दर्ता नगर्ने निर्णय भएको जानकारी दिने**: परिषद्मा नाम दर्ताको लागि दरखास्त दिने कुनै दरखास्तवालाको नाम दर्ता गर्न नमिल्ने कुनै कारण देखी परिषद्ले दर्ता नगर्ने निर्णय गरेमा रजिष्ट्रारले सम्वन्धित दरखास्तवालालाई सो कुराको लिखित जानकारी दिनुपर्ने छ ।

१६. **प्रमाणपत्र रद्द गर्ने**: धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुरा जानकारी हुन आई सो कुरा जाँचवुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र रद्द गर्न सक्नेछ । त्यसरी दर्ता प्रमाणपत्र रद्द गरेमा सम्वन्धित व्यक्तिलाई सोको जानकारी पैतिस दिनभित्र दिनुपर्ने छ ।

१७. **दर्ता किताबबाट नाम हटाउने र पुनः नाम दर्ता गर्ने**: (१) देहाय बमोजिमको अवस्थामा परिषद्ले दर्तावाला वन प्राविधिकको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछ :

(क) मानसिक सन्तुलन ठिक नभएमा,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट दोषी प्रमाणित भएमा,

(ग) तोकिए बमोजिमको ब्यावसायिक आचार संहिता उलङ्घन गरेको अभियोगमा दर्ता किताबवाट नाम हटाउने भनी परिषद्को बैठकमा दुई तिहाईबाट पारित भएमा,

(घ) दफा १६ बमोजिम प्रमाणपत्र रद्द हुन गएमा ।

(२) उपदफा (१) बमोजिम दर्ता कितावबाट नामं हटाउनु अघि सम्बन्धीत व्यक्तीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दर्ता किताबबाट नाम हटाउन निर्णय भएकोमा सम्बन्धित व्यक्तिले मनासिब माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा परिषद्ले आवश्यक छानविन गरी निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्ले दरखास्तवालाको नाम पुनः दर्ता गर्ने निर्णय गरेमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालालाई तोकिएको ढाँचामा प्रमाणपत्र दिनुपर्ने छ ।

## परिच्छेद–४

## शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता

१८. **शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यताः** (१) परिषद्ले कुनै शिक्षण संस्थाले प्रदान गरेको वन विज्ञान विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिलाई मान्यता प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षण संस्थाले प्रदान गरेको वन विज्ञान विषयको शैक्षिक योग्यताको प्रगाणपत्र वा उपाधिलाई मान्यता दिनु पुर्व परिषद्ले आवश्यक जाँचवुझ गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम परिषद्ले मान्यता दिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधि र त्यस्तो प्रमाणपत्र वा उपाधि प्रदान गर्ने शिक्षण संस्थाको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

१९. **विवरण माग गर्न सक्नेः** (१) दफा १८ बमोजिम कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता दिने क्रममा परिषद्ले सम्वन्धित शिक्षण संस्थासंग त्यस्तो शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको लागि निर्धारित पाठ्क्रम तथा भर्नाको लागि निर्धारित शर्त तथा तत्सम्वन्धी अन्य विवरणहरू माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्बाट माग भए बमाजिमको आवश्यक विवरण उपलब्ध गराउनु सम्वन्धित शिक्षण संस्थाको कर्तब्य हुनेछ ।

२०. **परीक्षाको निरीक्षणः** (१) दफा १८ बमोजिम कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता दिने क्रममा वा मान्यता दिई सकेपछि उक्त शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधि प्रदान गर्ने सम्वन्धित शिक्षण संस्थाबाट लिइने परीक्षा प्रणालिको बारेमा निरीक्षण गर्न परिषद्ले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पठाईएको निरीक्षकले निरीक्षण गर्ने क्रममा परिक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन ।

(३) उपदफा (२) बमोजिम परिक्षाको निरीक्षण गर्ने परिक्षकले निरिक्षणको क्रममा देखेका कुराहरूको बारेमा प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्नु पर्नेछ ।

२१. **मान्यता हटाउनेः** (१) दफा १८ बमोजिम मान्यता प्रदान गरिएको कुनै शैक्षिक योग्यताको प्रमाण पत्र वा उपाधिको सम्वन्धमा सम्वन्धित शिक्षण संस्थाबाट दफा १९ बमोजिम प्राप्त विवरण र दफा २० को उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदन उपर विचार गर्दा त्यस्तो शिक्षण संस्थाले निर्धारण गरेका पाठ्यक्रम, भर्नाका शर्त, तथा परिक्षा प्रणाली उपयुक्त वा पर्याप्त छैन भन्ने लागेमा परिषद्ले सो सम्वन्धमा आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को प्रतिवेदन प्राप्त भएपछि नेपाल सरकारले आवश्यक देखेमा सम्वन्धित शिक्षण संस्थासँग स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्वन्धित शिक्षण संस्थासँग माग गरे बमोजिम प्राप्त हुन आएको स्पष्टीकरणको सम्वन्धमा नेपाल सरकारले विश्लेषण गरी सो सम्वन्धमा कुनै जाँचबुझ गर्नुपर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको आधारमा नेपाल सरकारले त्यस्तो शिक्षण संस्थाले कुनै खास मिति पछि प्रदान गरेको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता हटाईएको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

२२. **वन प्राविधिकको वर्गिकरणः** (१) वन प्राविधिकको अनुभव र शैक्षिक योग्यताका आधारमा देहाय अनुसारका तीन वटा तहमा वर्गिकरण गरिनेछ ।

(क) "वन प्राविधिक": मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा कम्तिमा स्नातक उपाधि हासिल गरेको वन प्राविधिक ।

(ख) "वरिष्ठ वन प्राविधिक": मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्ष अनुभव भएको वन प्राविधिक वा मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तिमा सात वर्ष अनुभव भएको वन प्राविधिक वा मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा विधावारिधि उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्ष अनुभव भएको वन प्राविधिक ।

(ग) "विशिष्ठ वन प्राविधिक": मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पन्ध्र वर्ष अनुभव प्राप्त वन प्राविधिक वा मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्ष अनुभव भएको वन प्राविधिक वा मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा विद्यावारिधि उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा सात वर्ष अनुभव भएको वन प्राविधिक ।

(२) वन प्राविधिकको वर्गिकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—५

## अध्यक्ष, उपाध्यक्ष तथा रजिष्ट्रारको काम, कर्तव्य र अधिकार

२३. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को वैठकमा निर्णय लिनु पर्ने विषयको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषद्को कामहरु व्यवस्थित, प्रभावकारी र सुचारु रुपबाट सञ्चालन गर्ने, गराउने

(घ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२४. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** अध्यक्षको अनुपस्थितिमा यस ऐन बमोजिम अध्यक्षले गर्नुपर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गर्नु उपाध्यक्षको कर्तव्य हुनेछ।

२५. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्को सामान्य प्रशासन र व्यवस्थापनको कार्य गर्ने,

(ख) परिषद्को कोषको रेखदेख, नियन्त्रण, सम्पत्तिको व्यवस्था र स्याहार संभारको व्यवस्था गर्ने, गराउने,

(ग) परिषद्को वार्षिक कार्यक्रम तथा योजनाको मस्यौदा तयार गरी परिषद्मा पेश गर्ने,

(घ) परिषद्को आयव्यय तथा पुरक आयव्यय विवरण तयार गर्ने,

(ङ) परिषद्बाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(च) परिषद्को आन्तरिक र अन्तिम लेखा परिक्षण गर्ने व्यवस्था मिलाउने,

(छ) परिषद् र वन प्राविधिकहरू बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(ज) परिषद्बाट निर्देशन भए बमोजिमको अन्य कार्यहरु गर्ने, गराउने,

(झ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

## परिच्छेद—६

## परिषद्को कोष

२६. **परिषद्को कोषः** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति, संस्था, सरकार, वा अन्तराष्ट्रिय संघसंस्थाबाट ऋण, चन्दा, सहायता, अनुदान वा दातव्यको रुपमा प्राप्त रकम,

(ग) परिषद्ले उपलब्ध गराएको सेवा बापत प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम कुनै विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट ऋण, चन्दा, सहायता, अनुदान वा दातव्य रकम प्राप्त गर्नु अघि परिषद्ले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्को कोषमा प्राप्त हुन आएको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्को कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२७. **लेखा तथा लेखा परिक्षणः** (१) परिषद्को आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखा परीक्षण तोकिए बमोजिम गरिनेछ ।

(३) नेपाल सरकारले चाहेमा परिषद्को हिसाब किताब जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद–७

## विविध

२८. **कसुर तथा दण्ड सजायः** (१) दफा १० बमोजिम परिषद्मा नाम दर्ता नगराई वन प्राविधिक व्यवसाय गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्तिलाई विस हजार रुपैयाँसम्म जरिवाना वा तिन महिना सम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(३) उपदफा (२) मा उल्लेख गरेदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमको वर्खिलाप हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

२९. **परिषद्को विघटनः** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले पालन गर्नु पर्ने कर्तब्य पालन गर्न नसकेको भन्ने नेपाल सरकारलाई लागेमा नेपाल सरकारले परिषद् विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को विघटन भएपछि परिषद्को कोष तथा सम्पत्ति नेपाल सरकारले आफ्नो जिम्मामा राखी अर्को परिषद् गठन नभएसम्म यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले गर्नु पर्ने सबै काम कारवाही आफैले गर्न वा एक समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महिना भित्र नेपाल सरकारले दफा ५ बमोजिम नयाँ परिषद् गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अर्को परिषद् गठन भए पछि उपदफा (२) बमोजिम नेपाल सरकारले आफ्नो जिम्मामा रहेको कोष तथा सम्पत्ति उक्त परिषद्लाई हस्तान्तरण गर्नेछ ।

३०. **विषय समिति तथा अन्य समिति गठन गर्न सक्नेः** (१) परिषद्ले आफनो कार्यसंचालनका निमित्त परिक्षा समितिको अतिरिक्त आवश्यकता अनुसार अन्य समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य तथा अधिकार परिषद्ले तोके बमोजिम हुनेछ ।

३१. **<u>सदस्यको बैठक भत्ता र अन्य सुविधा</u>:** परिषद्को सदस्य तथा दफा १३ र दफा ३० बमोजिम गठन भएका समितिका सदस्यको बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

३२. **<u>परिषद्को कर्मचारी</u>:** (१) परिषद्ले आवश्यकता अनुसार कर्मचारीको नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको सेवा शर्त तथा सुविधा विनियममा तोकिए बमोजिम हुनेछ ।

३३. **<u>अनुसन्धान, तहकिकात तथा मुद्दा चलाउने अधिकारी</u>:** दफा २८ बमोजिमको कसूरको अनुसन्धान, तहकिकात गर्ने, मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

३४. **<u>नेपाल सरकारसँग सम्पर्क</u>:** परिषद्ले नेपाल सरकारसँग सम्पर्क गर्दा नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

३५. **<u>वन प्राविधिकवाट सेवा लिनु पर्ने</u>:** संघीय तथा प्रदेश सरकार र स्थानीय तह, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुवाट वन सेवासंग सम्वन्धित सेवा प्रवाह गर्न वा परामर्श सेवा लिंदा वन प्राविधिकवाट लिनु पर्नेछ ।

३६. **नियमावली वनाउने अधिकार:** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमावली बनाउन सक्नेछ ।

३७. **विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:** यो ऐन र यस बमोजिम बनेको नियम विपरित नहुने गरी परिषद्ले आवश्यक विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

३८. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:** (१) परिषद्ले आफुले वर्षभरि सम्पादन गरेको कामको संक्षिप्त विवरण, प्रशासकिय खर्च, आय-व्ययको विवरण तथा भविष्यमना सञ्चालन गर्ने कार्यक्रम समेत गरी प्रत्येक वर्षको असोज महिनाभित्र नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन परिषद्ले सार्वजनिक समेत गर्नु पर्नेछ ।

३९. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u>:** नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

अनुसूची–१

(दफा २ को (च) संग सम्वन्धित)

<u>वन प्राविधिक व्यवसाय</u>

**१. जनरल फरेष्ट्री**

(क) फरेष्ट नर्सरी तथा बृक्षारोपण

(ख) सिल्भीकल्चर

(ग) वन संरक्षण

(घ) फरेष्ट म्यानेजमेन्ट

(ङ) वन विकास

(च) वृक्ष सुधार

(छ) फरेष्ट सर्टिफिकेसन

(ज) उड साइन्स तथा टेक्नीलोजी

(झ) फरेष्ट मेन्सुरेसन

(ञ) फरेष्ट युटिलाइजेसन

(ट) फरेष्ट इकोनोमिक्स

(ठ) फरेष्ट प्रोडक्ट तथा सर्भिसेज भ्यालुएसन

(ड) गैरकाष्ठ वन पैदावार म्यानेजमेन्ट

(ढ) फरेष्ट एक्सटेनसन

(ण) उड इनर्जि

(त) फरेष्ट एण्ड इकोसिस्टम रेस्टोरेसन

(थ) वन उद्यम विकास

(द) फरेष्ट ल एण्ड पोलिसी

(ध) फरेष्ट हारभेस्टिङ एण्ड लगिङ

(न) फार्म फरेष्ट्री तथा ट्री आउटसाइड फरेष्ट

(प) रेडप्लस फरेष्ट्री तथा जलवायु परिवर्तन

(फ) वनस्रोत व्यवस्थापनमा लैगिक समानता तथा सामाजिक समावेशिकरण

**२. फरेष्ट स्वायल कन्जरभेसन तथा वाटरसेड**

(क) स्वायल कन्जरभेसन

(ख) वाटरसेड म्यानेजमेन्ट

(ग) फरेष्ट हाइड्रोलोजी

(घ) एग्रो फरेष्ट्री

(ङ) कन्जरभेसन एक्सटेन्सन

(च) स्वायल फर्टिलीटी म्यानेजमेन्ट

(छ) स्वायल इरोजन म्यानेजमेन्ट

(ज) वाटरसेड रिहावीलीटेसन

(झ) भू-संरक्षणमा जैविक उपचार

(ञ) सिमसार संरक्षण तथा व्यवस्थापन

(ट) वातावरणीय प्रभाव मुल्यांकन र परिक्षण

## ३. फरेष्ट रिसर्च

(क) वन अनुसन्धान

(ख) वनस्रोत सर्वेक्षण तथा नक्साँकन

(ग) वन प्रविधि विकास तथा प्रशिक्षण

(घ) फरेष्ट इन्भेन्ट्री

(ङ) फरेष्ट बायोमेट्री

(च) वन कार्वन मापन तथा प्रमाणीकरण

(छ) फरेष्ट फ्याथोलोजी एण्ड एन्टोमोलोजी

(ज) फरेष्ट डेन्ड्रोलोजी

(झ) फरेष्ट स्टाटिसटिक्स

(ञ) पारिस्थितिकिय सेवा र भुक्तानी प्रणाली

(ट) वनसंग सम्बन्धित सामाजिक आर्थिक अध्ययन अनुसन्धान

## ४. वाइल्ड लाइफ म्यानेजमेन्ट

(क) वाइल्डलाइफ पपुलेसन म्यानेजमेन्ट

(ख) ह्याबिटाट म्यानेजमेन्ट

(ग) वाइल्डलाइफ बायोलोजी

(घ) बायोडाइभर्सिटी कन्जरभेसन

(ङ) प्रोटेक्टेड एरीया म्यानेजमेन्ट

(च) कन्जरभेसन जेनेटिक्स

(छ) वाइल्डलाइफ फार्मिङ तथा जु म्यानेजमेन्ट

(ज) इकोसिस्टम तथा ल्याण्डस्केप कन्जरभेसन

(झ) एनीमल इकोलोजी एण्ड कन्जरभेसन वायोलोजी

(ञ) संरक्षण शिक्षा

(ट) वाइल्डलाइफ रिसर्च एण्ड मोनिटोरिङ

(ठ) हयूमन वाइल्डलाइफ इन्टरफेस

(ड) वन्यजन्तु उद्धार तथा व्यवस्थापन

(ढ) इकोटुरिज्म एण्ड पार्क रिक्रिएसन

(ण) वन तथा वन्यजन्तुसंग सम्बन्धी महासन्धी, सन्धी तथा सम्झौता

(त) हात्तीसार व्यवस्थापन